नेपाल सरकार

गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरवार, काठमाण्डौं ।

## सवारी साधन (कवाडीमा) लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र फाराम

**(प्रथम पटक प्रकाशन मितिः २०८३।०५।०५)**

बोलपत्र सूचना नं. 01/DMPC/AUC-S/083/84

यस विभागमा प्राप्त भएका **सवारी साधनहरू** जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्र माध्यमबाट कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र ऐ. नियमावली, २०७७ बमोजिम कवाडीमा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले २२ (बाईसौं) दिनको १२:०० बजे भित्र रितपूर्वक सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत विवरण यस विभागको वेबसाईट www.dmpc.moha.gov.np मा हेर्न सकिनेछ । थप जानकारीका लागि फोन नं. ०१-४२११०९३, ०१-४२११५५४ सम्पर्क गर्न सकिनेछ ।

सवारी साधन लिलाम बिक्री सम्बन्धी मितिः २०८३।०५।०५ गते राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना ।

नेपाल सरकार
गृह मन्त्रालय
# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग
सिंहदरबार, काठमाडौं ।

## सवारी साधन लिलाम बिक्री सम्बन्धी सूचना।

**(सूचना प्रकाशन मिति : २०८३।०५।०५)**

यस विभागमा प्राप्त भएका सवारी साधनहरूमध्ये दर्ता हुनेगरी लिलाम गरिने सवारी साधन जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा र कवाडीमा बिक्री गरिने सवारी साधनहरू कवाडी सरह छुट्टाछुट्टै सिलबन्दी बोलपत्रको माध्यमबाट कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र ऐ. नियमावली, २०७७ बमोजिम लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्म/कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले २२ (बाइसौं) दिनको १२:०० बजेभित्र रीतपूर्वक सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण यस विभागको वेबसाइट **www.dmpc.moha.gov.np** मा हेर्न सकिनेछ। थप जानकारीका लागि फोन नं. ०१-४२११०९३/०१-४२११५५४ मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार

गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरवार, काठमाण्डौं ।

**सवारी साधन (कवाडीमा) लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्रको सूचना ।**

**(प्रथम पटक प्रकाशन मितिः २०८३।०५।०५)**

बोलपत्र सूचना नं. 01/DMPC/AUC-S/083/84

विभिन्न निकायहरूबाट यस विभागमा प्राप्त हुन आएका तपशिल बमोजिमका सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १८ बमोजिम गठित मूल्याङ्कन समितिबाट कायम भएको न्यूनतम मूल्याङ्कनलाई आधार मानेर सोही ऐनको दफा २० र दफा २१ को उपदफा (२) मा भएको व्यवस्था तथा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ को नियम (९) मा उल्लेख भए बमोजिम यस विभागको मिति २०८३।०५।०४ को निर्णयानुसार कवाडीमा लिलाम बिक्री गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित शर्तमा लिलाम बिक्री गर्न यो सिलबन्दी बोलपत्र सम्बन्धी सूचना प्रकाशन गरिएको छ।

<u>तपशिलः</u>

१. लिलाम बिक्रीको सिलबन्दी बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदनका साथ व्यक्ति भए नागरिकताको प्रतिलिपि र फर्म, संस्था वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्र, मू.अ.कर वा स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि सहित रु. १,०००।-(अक्षरेपी रुपैयाँ एक हजार) पछि फिर्ता नहुने गरी विभागको आर्थिक प्रशासन शाखामा बुझाएको रकमको सक्कल रसिद संलग्न गरी मिति २०८३।०५।२५ गते (एक्काइसौं दिनसम्म) कार्यालय समयभित्र विभागबाट खरिद गर्न सकिने छ ।

२. व्यक्ति,फर्म,संस्था वा कम्पनीले आफूले खरिद गरेको सिलबन्दी बोलपत्रमा आफूले सम्बन्धित साधनको कबोल गरेको अंक सहित सिलबन्दी बोलपत्र सूचना प्रकाशन भएको मितिले बाइसौं दिन (अर्थात मिति २०८३/०५/२६ गते) दिनको १२:०० बजे भित्र विभागमा व्यक्ति भए स्वयं वा आफूले अख्तियारी दिईएको व्यक्ति, र अन्यको हकमा फर्म, कम्पनी वा संस्थाको आधिकारिक प्रतिनिधि वा प्रोप्राईटर स्वयंले सहिछाप गरी खाम बाहिर श्री कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग र सूचना नं. समेत उल्लेख गरी सिलबन्दी बोलपत्र दर्ता गराउनुपर्नेछ।

३. सिलबन्दी बोलपत्रसाथ व्यक्ति भए नागरिकताको प्रतिलिपि, व्यक्तिगत स्थायी लेखा नं. र फर्म, संस्था वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, नवीकरण, आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्र मू.अ. कर वा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ। उल्लेखित कागजातहरूको प्रतिलिपि पेश गर्दा नोटरी पब्लीकबाट प्रमाणित भएको हुनुपर्नेछ ।

४. सिलबन्दी बोलपत्रसाथ न्यूनतम मूल्याङ्कन कायम भएको सवारी साधनको मू.अ.क. सहितको रकमको कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ को नियम ९ बमोजिम कायम भएको (**बोलपत्र सम्बन्धी कागजातको सवारी साधनको विवरण खण्डमा उल्लेख भए बमोजिमको**) धरौटी रकम को.ले.नि.का., सिंहदरबारको राष्ट्रिय बाणिज्य बैंङ्कमा रहेको खाता नं. मा १९६०१००१०२०३००००, कार्यालय कोड ३१४०७३५०१ मा दाखिला गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

५. आफुले कवोल गरेको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ ।अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. सवारी साधनहरू (कवाडी) सकार गरेपछी नेपाल सरकारले कानून बमोजिम तोकेको सम्पुर्ण दस्तुर तथा करहरु लिलाम सकार गर्ने व्यक्ति/फर्म/कम्पनी वा संस्था स्वयंले व्यहोर्नुपर्नेछ ।

७. सिलबन्दी बोलपत्र पेश गर्ने व्यक्ति/फर्म/संस्था वा कम्पनीले आफूले स्वीकार गरेको रकमको नियमानुसार मूल्य अभिवृद्धी कर (VAT) र अन्य करहरू समेत तिर्नुपर्ने छ ।

८. विभागमा पेश हुन आएका सम्पूर्ण सिलबन्दी बोलपत्र मिति २०८३/०५/२६ गते दिनको १४:०० बजे रितपूर्वक बोलपत्र पेश गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीको प्रतिनिधिको रोहवरमामा खोलिनेछ ।तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

९. कवाडीमा लिलाम बिक्री हुने साधनहरू हेर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले मिति २०८३।०५।१५ गते देखि २०८३।०५।१८ गतेको बिहान १०:०० बजे देखि दिउसो २:०० बजे सम्म विभागमा सम्पर्क राखी प्राविधिकको रोहबरमा हेर्न र बुझ्न सकिने छ।

१०.सिलबन्दी बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

११.सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस विभागमा सुरक्षित रहने छ ।

१२.व्यक्ति, कम्पनी वा फर्म/संस्थाले लिलाम बिक्री हुने साधन सम्बन्धी केही कुरा बुझ्न चाहेमा विभागको आर्थिक प्रशासन वा भण्डार शाखामा वुझ्न सकिनेछ ।

१३.सिलबन्दी बोलपत्र स्वीकृत गर्दा रित पुगेका बोलपत्रहरुमध्ये सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिने छ।

१४.कवाडीमा लिलाम बिक्री हुने सबै सवारी साधनको लिलाम बिक्रीको सिलबन्दी बोलपत्र सम्बन्धी कागजातमा आफूले कबोल गरेको रकम पेश गर्दा **एक मुष्टरूपमा पेश गर्नुपर्ने छ ।**

१५.कवाडीमा लिलाम बिक्री हुने सवारी साधनहरू एक मुष्टरूपमा सकार गर्नुपर्ने छ ।

१६.कवाडीमा लिलाम बिक्री सकार गरिसकेपछि विभाग र प्रचलित कानून बमोजिम तोकिएको निकायका प्रतिनिधिहरू सहितको रोहवरमा सकार गरेको सवारी साधनहरूलाई प्रयोग गर्न नमिल्ने गरी सवारी साधनका पार्टपुरजाहरू खोली पत्नु (Scrap) बनाई लैजानुपर्ने छ ।

१७.कवाडीमा लिलाम बिक्री सकार गरेको सवारी साधनको ईन्जिन नम्बर र च्यासिस नम्बर भएको पार्टको टुक्रा काटेर विभाग वा विभागले तोकेको निकाय र तोकेको समयमा बुझाउनुपर्नेछ ।

१८.कवाडीमा लिलाम बिक्री सकार गरेको सवारी साधनहरूको दर्ता भएको निकायमा लगत कट्टा गर्नको लागि विभागले खोजेको बखत आवश्यक कागजात र निस्सा सहित यस विभाग वा विभागले तोकेको निकाय र समयमा लिलाम सकार कर्ता अनिवार्य रूपमा उपस्थित हुनुपर्नेछ।

१९.यस सूचनामा उल्लेख भएका विषयहरूमा यसै बमोजिम र उल्लेख नभएका विषयहरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछन्।

थप जानकारीका लागि विभागको टेलिफोन नं. ०१-४२११०९३, ०१-४२११५५४ र ०१-४२१११७७ मा सम्पर्क गर्न सकिनेछ

## सवारी साधनको विवरण (कवाडी):

| S.N. | Vehicle No. | Vehicle oType | Company | Country of Origin | Model | Engine No. | Chasis No. | Color | Valuation by Committee |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | बा ३५ प २४६१ | Motorcycle | Honda | India | Shine 125cc-Grey | Not Clear | ME4JC36CCC8464381 | Grey | 12,735.00 |
| 2 | BA 17 PA 4553 | Motorcycle | Hero Honda | India | Passion Plus | 04A09C29947 | Not Clear | White | 11,025.00 |
| 3 | बा १३ प ५०२९ | Scooter | Hero Honda | India | Street Samart Scooter | 02A36M00212 | Not Clear | Black | 8,775.00 |
| 4 | बा. १५ प ६५९२ | Motorcycle | Dayang | China | GN-125 (Hartfort) | 644146 | 010010117051DH6H | Black | 12,150.00 |
| 5 | बा ७ प ५०४४ | Motorcycle | Hero Honda | India | Splendar -Black | 00L18E06904 | 97J19F08291 | Black | 11,025.00 |
| 6 | बा. ६ प ३७१४ | Motorcycle | Hero Honda | India | Splendar -Black | 96H10E11951 | 98B19F01456 | Black | 11,025.00 |
| 7 | बा. ३४ प ७४४६ | Scooter | Honda | India | Dio | Not Clear | Not Clear | Black | 9,180.00 |
| 8 | बा. ५७ प ८३९० | Motorcycle | Hero | India | Super Splender | JA05ECE9F21037 | Not Clear | Black | 11,025.00 |
| 9 | बा १४ प ७४१८ | Motorcycle | Hero Honda | Passion | Hero Honda Passion | O1D21M12809 | Not Clear | Black | 10,890.00 |
| 10 | बा २३ प ८५३१ | Scooter | Honda | India | Dio | JF11E6029016 | Not Clear | Red/Black | 9,180.00 |
| 11 | BA 3 CHA 8408 | Car | Toyota Motor Corporation | India | RAV-4 | JA80227666 | ST6HH20V800071543 | White | 75,000.00 |
| 12 | BR 1 AH 6908 | Car | Maruti Suzuki | India | ZEN | F10DN3296589 | MA3EMD81S00169895 | Moron Red | 35,000.00 |
| 13 | BA 6 CHA 5923 | Jeep | TATA | India | DI | E07SP2ZEPRZ616470 | 374463ERZ520515 | White | 145,000.00 |
| 14 | BA 4 CHA 9467 | Car | Maruti Suzuki | India | Alto 800 | F8DN4035021 | MA3EYD81S00302665 | Silver | 55,000.00 |

| S.N. | Vehicle No. | Vehicle oType | Company | Country of Origin | Model | Engine No. | Chasis No. | Color | Valuation by Committee |
|---|---|---|---|---|---|---|---|---|---|
| 15 | BA 3 CHA 7164 | Car | KIA | India | SPORTAGE | FE092658 | KNAJA553515018530 | White | 100,000.00 |
| 16 | BA 3 CHA 6276 | Car | NISSAN | Japan | SUNNY FE | ACA21R-AWMNKW | JTEHH20V800071543 | Silver | 60,000.00 |
| 17 | BA 3 CHA 3854 | Car | NISSAN | Japan | SUNNY FE | BVCARDFB14NWA-AAKC | JN1BGAB14Z0310256 | Silver | 60,000.00 |
| 18 | BR06PC1326 | Jeep | TATA | India | SUMO GOLD | Not Clear | MAT446562DEP01281 | Silver | 125,000.00 |
| 19 | UK 02-4684 | Car | Maruti Suzuki | India | Alto 800 | F8DN4659847 | MA3EAA61501889300 | SIlver | 60,000.00 |
| Total Minimum Valuation of Vehicles (Scrap) without VAT | | | | | | | | | 8,22,010.00 |

**नोटः**

कवाडीमा लिलाम बिक्री गर्नुपर्ने उल्लेखित १९-थान सवारी साधनहरूको दाखिला गर्नुपर्ने धरौटी रकम रू.१,९०,०००।— कायम गरिएको छ ।

# पेश गर्नु पर्ने कागजातको विवरणः

**१. व्यक्तिको हकमाः**

(क) निवेदन

(ख) लिलाम बिक्रीको सिलबन्दी बोलपत्र सम्बन्धी कागजात (फाराम) खरिद वापत विभागमा रकम बुझाएको नगदी रसिदको प्रति

(ग) नेपाली नागरिकतको प्रमाणपत्रको प्रतिलिपी- (नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने)

(घ) तोकिएको धरौटी रकम बैङ्क दाखिला गरेको सक्कल भौचर

(ङ) व्यक्तिगत स्थायी लेखा नं.(PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी- (नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने)

(च) बैङ्क खाताको चेकको प्रतिलिपी

(छ) रितपूर्वक भरिएको लिलाम बिक्रीको बोलपत्र सम्बन्धी कागजात फाराम

(ज) अन्य (केही भए खुलाउने):

**२. कम्पनी/फर्म/ वा संस्थाको हकमाः**

(क) निवेदन

(ख) अख्तियारी (प्रतिनिधि तोकिएको भए) सो पत्र

(ग) लिलाम बिक्रीको सिलबन्दी बोलपत्र सम्बन्धी कागजात (फाराम) खरिद वापत विभागमा रकम बुझाएको नगदी रसिदको प्रति

(घ) फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नवीकरण सहित) -(नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने)

(ङ) तोकिएको धरौटी रकम बैंक दाखिला गरेको सक्कल भौचर

(च) व्यवसाय PAN / भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी-(नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने)

(छ) आ.व.०८१।८२ को कर चुक्ता प्रमाणपत्र -(नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने)

(ज) आफू यस अघि कुनै पनि बोलपत्रमा भाग लिन योग्य नरहेको र कालोसूचीमा समेत नपरेको व्यहोराको स्व:घोषणा पत्र

(झ) बैङ्क खाताको चेकको प्रतिलिपी

(ञ) रितपूर्वक भरिएको लिलाम बिक्रीको बोलपत्र सम्बन्धी कागजात फाराम

(ट) अन्य (केही भए खुलाउने):

## बोलपत्र सम्बन्धी थप शर्तहरु

**(बोलपत्र सम्बन्धी कागजातमा संलग्न गरिएको सूचनामा उल्लेख भएका र बोलपत्रदाताले पेश गर्नुपर्ने कागजातहरुमा उल्लेख भएका विषयहरु समेत उल्लेखित शर्त र थप शर्तहरुको अंश मानिनेछ)**

१. बोलपत्रदाताले मूल्य विवरण भर्दा कुनै ठाउँमा केरमेट भएमा/सच्याएमा सो ठाँउमा र फारामको प्रत्येक पानामा आफूले दस्तखत गरी आफ्नो फर्म/कम्पनी/संस्थाको छाप अनिवार्य लगाउनुपर्नेछ (तर व्यक्तिको हकमा दस्तखत मात्र भए पुग्नेछ)। टिपेक्स/हवाईटनरको प्रयोग गर्न पाईने छैन ।

२. लिलाम बिक्री सकार गरेपछि सम्झौता बमोजिमको रकम एकमुष्ट विभागले तोकेको बैंकमा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

३. बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधिभित्र सम्पूर्ण सवारी साधनहरू (कवाडी) उठाई लैजानुपर्नेछ । तोकिएको समयमा नलगेमा प्रचलित कानून बमोजिम हुनेछ ।

४. लिलाम गरिएको सवारी साधनहरू (कवाडी) ढुवानी गरी एक ठाउँबाट अर्को ठाउँमा लैजाँदा लाग्ने सम्पूर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैंले व्यहोर्नु पर्नेछ ।

५. बोलपत्र फाराम र माग गरिएका अन्य कागजातहरू गोप्यरूपमा सिलबन्दी गरी लाहछाप लगाई खामको बाहिर सिलबन्दी बोलपत्रको सूचना नम्बर, कागजात पेश गर्ने व्यक्ति,फर्म/कम्पनी वा संस्थाको विवरण अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ ।

६. बोलपत्र सम्बबन्धी शर्तहरू सम्झौताको अंग हुनेछ ।